दर्ता ३१२१

रुपान्तरमा राम गुरुङ

श्री उच्च अदालतमा चढाएको
निवेदन-पत्र

विषय: बेरीतको आदेश बदर गरी पाँउ बारे।

कुल बहादुर गुरुङको छोरा, जिल्ला लमजुङ अर्चलबोट गा.वि.स. वडा नं. ३ हाल परिवर्तित दोर्दी गा.पा. वडा नं. २ बस्ने वर्ष ४१ को राम बहादुर गुरुङ ............... १
टिकानाथ पाण्डेको छोरा, जिल्ला नवलपरासी कावासोती न.पा. वडा नं. ८ बस्ने वर्ष २६ को सुरेन्द्र पाण्डे .......................................................................१ निवेदक

बिरुद्ध

विवाह दर्ता अधिकारी, काठमाडौ जिल्ला अदालत.................................१ विपक्षी

विषय: दर्ताद्धारा विवाह।

हामी निवेदक लाग्ने दस्तुर यसै साथ राखी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५७ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा १५ बमोजिम निम्न बमोजिमको निवेदन गर्दछौं।

१) हामी निवेदक यौनिक अल्पसंख्यक समुदायका व्यक्तिहरु हौं। हामीले हाम्रो बैवाहिक सम्वन्ध यौनिक आकर्षण बमोजिम तय गर्ने भएकोले आफ्नो जीवन साथीका साथ दाम्पत्य जीवन चलाउन चाहान्छौं। यसै क्रममा सम्मानित स.अ ले हाम्रो बैवाहिक सम्बन्धको अस्थायी अभिलेख राखी विवाह दर्ता गर्न पाउने आवश्यक व्यवस्था गर्नु गराउनु भनी एकल इजलासले मिति २०८०।३।१२ मा आदेश गरेको थियो। सो आदेश सहितका आवश्यक कागजात राखी समलिङ्गी विवाह दर्ता गरी पाँउ भनी रीतपुर्वक निवेदन सहित प्रत्यार्थी का.जि.अ का विपक्षी विवाह दर्ता अधिकारी समक्ष मिति २०८०।३।२८ मा निवेदन सहित निवेदकहरु श-सरीर उपस्थित भएका थियौं। तर प्रत्यार्थी अदालतका माननीय जिल्ला न्यायधीश ज्यूले हाम्रो विवाह दर्ता गर्न नमिल्ने भनी निम्न बमोजिको बेरीतको आदेश गर्नु भएछ।

> यसमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०८०/३/१२ गते भएको अन्तरिम आदेशानुसार दर्ताद्वारा विवाह गरी पाउँ भनी निवेदन दिएको देखियो। निवेदन साथ पेश भएको अन्तरिम आदेश यस अदालतका नाममा जारी भएको नभई विपक्षीहरुका नाममा जारी भएको देखिएको, अन्तरिम आदेश जारी हुँदा विवाह दर्ता गर्न पाउने

आवश्यक व्यवस्था गराउनु भनी विपक्षीहरुका नाममा अन्तरीम आदेश जारी भएकोमा जिल्ला अदालतलाई विपक्षी बनाएको पनि नदेखिएको तथा मुलुकी देवानी संहिता, २०७४ को दफा ७७ मा दर्ताद्वारा विवाह गर्न सक्ने कानूनी व्यवस्था भए अनुसार यस अदालतबाट दर्ताद्वारा विवाह हुँदै आएको र उक्त दफा ७७ (१) मा कुनै पुरुष वा महिलाले दर्ताद्वारा विवाह गर्न चाहेमा निबेदन दिन सक्ने कानूनी व्यवस्था रहेको देखिएकोमा प्रस्तुत दर्ताद्वारा विवाह गरी पाउँ भनी निवेदन दिने दुवै व्यक्ति फरक लिङ्गका महिला पुरुष नदेखिएको अवस्थामा निवेदन बमोजिम उल्लेखित दफा ७७ मा उल्लेखित व्यवस्था विपरीत दर्ताद्वारा विवाह गराउन मिलेन । कानून बमोजिम गर्नुहोला ।

२) उपरोक्त बमोजिमको आदेश स्वभाविक रुपमा बहुसंख्यक नागरिकको हकमा नियमित रुपमा हुँदै आएको कानुनको छिद्र र व्याख्या गर्ने स्वरुपमा हुने आदेश हो । हामी बहुसंख्यक समुदायका व्यक्ति नभई यौनिक अल्पसंख्यक व्यक्ति हौ । हाम्रो हकमा प्रचलित कानूनले विपरीत लिङ्ग अर्थात पुरुष र महिला बीच मात्र विवाह हुन सक्ने तर समान लैङ्गिक व्यक्ति बीच विवाह हुन सक्ने कानूनी व्यवस्था नभएको कारणले नै हामीले हाम्रो दैनिक व्यक्तिगत घटना समेत दर्ता गर्ने र कानुनी संरक्षण पाउन नसकेको अवस्था हो । यस्तो अवस्थामा विपक्षी जिल्ला अदालतले बहुसंख्यक समुदायका बीच हुने विवाह सरह हाम्रो विवाह दर्ता हुने, नहुने कानुनी व्यवस्थाको व्याख्या, विवेचना गरी हाम्रो हकमा सम्मानित स.अ. को आदेश भावना र मनसाय विपरीत आदेश गर्न मिल्ने होइन । यस आधारमा शुरु अदालतको आदेश बदरयोग्य छ । बदर गरी पाँउ ।

३) हामी निवेदकले माग गर्ने कुरा विवाह दर्ता हो भने अड्डाले प्रक्रिया अपनाउदा दर्ता विवाहको प्रक्रिया अपनाउने हो भन्ने हाम्रो बुझाई हो । त्यसैले सम्मानित स. अ. को अन्तरिम आदेशमा विवाहको अस्थायी अभिलेख रहने गरी विवाह दर्ता गर्न पाउने आवश्यक व्यवस्था गर्नु भन्ने आदेश भएकोमा सो कुरालाइ अनदेखा गरी भएको आदेश स्पस्ट बेरितपूर्ण भै बदरयोग्य छ । बदर गरी पाँउ ।

४) प्रत्यार्थी अदालतले आदेश गर्दा दर्ताद्वारा विवाह हुने कानूनी व्यवस्था मात्र विपक्षी अदालतले मुलुकी देवानी संहिता, २०७४ (यस पछि सहिंता पनि भनिएको) को दफा ७७ बमोजिम दर्ता गर्ने प्रचलन रहेको सो बाहेकको र विपरीत लिङ्गी बाहेकको विवाह दर्ता हुन नसक्ने भनी प्रत्यार्थी अदालतबाट भएको आदेश ऐ दफा ८० (१)(२) मा अभिलिखित शब्द, पदावलीसंग असंगत व्याख्या हो भन्ने देखिई रहेको छ । यो विवाह दर्ता भन्ने कानुनको पदावली संहिताको दफा ७७, ७८,७९ र ८० को समग्र प्रयोग र व्याख्या गर्दा विवाह दर्ता हुने कुरा र दर्ता द्वारा विवाह गर्न सक्ने व्यवस्थाको अनुसाङ्गिक व्यवस्थाकै निरन्तरता अन्य दफामा वरण गरिएकोमा केवल दफा ७७ लाई अलग्गै र एकाङ्गी, पृथक व्यवस्था देखाई भएको उक्त आदेश स्वत कानूनसम्मत नभएकोले बदरयोग्य छ । बदर गरी पाँउ ।

अत: प्रकरणमा लेखिएका तथ्यगत आधारबाट हामी समलिङ्गी जोडि, दम्पतीले विवाह दर्ताको लागि रीत पुर्वक निवेदन गरेकोमा हाम्रो विवाह दर्ता नहुने, हाम्रो विवाह दर्ता गर्नु भनी भएको सम्मानित स.अ. को अन्तरिम आदेशमा दर्ता द्वारा हुने विवाह हुने कुरामा आदेश नभएको भनी प्रत्यार्थी अदालतले हाम्रो विवाह दर्ता गर्न इन्कार गर्ने गरी भएको आदेश वर्णित आधारमा बदरयोग्य रहेको छ । अतएवं शुरु का.जि.अ.ले मिति २०८०।३।२८ मा हामी निवेदकको विवाह दर्ता गर्न नमिल्ने भनी भएको आदेश बदर गरी हाम्रो निवेदन

माग बमोजिम विवाह दर्ता गर्नु भन्ने विपक्षीका नाममा आदेश हुने गरी न्याय इन्साफ पाँउ ।

५) संलग्न कागजातहरु:

क. मिति २०८०।०३।२८ गते काठमाण्डौं जिल्ला अदालतबाट भएको आदेशको प्रतिलिपी ।
ख. मिति २०८०।०२।२४ मा स.अ.मा दर्ता गरेको रिट निवेदन पत्रको प्रतिलिपी ।
ग. मिति २०८०।०३।१२ को स.अ. को आदेशको प्रतिलिपी ।

६) लेखिएको व्यहोरा ठीक साँचो छ झुट्टा ठहरे कानून बमोजिम सहुला बुझाउला ।

निवेदक

निज राम बहादुर गुरुङ

निज सुरेन्द्र पाण्डे

इति सम्वत २०८० साल आषाढ महिना २९ गते रोज ६ मा शुभम् ............................।